नेपाल सरकार

**सूचना तथा सञ्चार मन्त्रालय**

सरोकारवाला र सर्वसाधारणको लागि राय माग गरिएको सूचना

सूचना प्रकाशन मिति : २०८३/०५/०९

**मिडिया काउन्सिल सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक**मा कुनै राय सुझाव भए सात दिन (मिति २०८३/०५/१६) भित्र यस मन्त्रालय अथवा मन्त्रालयको इमेल ठेगाना info@moic.gov.np मा देहायबमोजिमको ढाँचामा राय सुझाव पठाउनु हुन विधायन ऐन, २०८१ को दफा ६ को उपदफा (२) बमोजिम यो सूचना प्रकाशन गरिएको छ।

| **क्र.सं.** | **विधेयकको दफा/उपदफा** | **विधेयकमा प्रस्तावित व्यवस्था** | **विधेयकको मस्यौदामा राय सुझाव** | **राय सुझावको पुष्ट्याई** |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |

२०८३/०५/०९

# मिडिया काउन्सिलसम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक

**प्रस्तावना:** पत्रकारिताको पेसागत तथा व्यावसायिक आचरण कायम राख्दै मिडिया क्षेत्रलाई विश्वसनीय र मर्यादित बनाउन तथा स्वनियमनलाई प्रवर्धन गरी स्वच्छ, स्वतन्त्र र जवाफदेही पत्रकारिताको विकास एवं संरक्षणका लागि स्वायत्त नियामक निकायको रूपमा मिडिया काउन्सिलको स्थापना र सञ्चालन सम्बन्धमा व्यवस्था गरी प्रचलित कानूनलाई संशोधन र एकीकरण गर्न वाञ्छनीय भएकाले,

संघीय संसद्ले यो ऐन बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यस ऐनको नाम "मिडिया काउन्सिल ऐन, २०८३" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अध्यक्ष" भन्नाले काउन्सिलको अध्यक्ष सम्झनु पर्छ।

(ख) "आचारसंहिता" भन्नाले दफा २० बमोजिम जारी भएको आचारसंहिता सम्झनु पर्छ।

(ग) "आमसञ्चार" भन्नाले सूचना तथा सन्देशको सम्प्रेषण गर्ने उद्देश्यले स्थापना भएका आमसञ्चारका माध्यमबाट त्यस्तो सूचना वा सन्देश उत्पादन, प्रकाशन तथा प्रसारण गर्ने कार्यलाई सम्झनु पर्छ र सो शब्दले विद्युतीय पत्रकारिता, अनलाइन पत्रकारिता तथा छापा पत्रकारितालाई समेत जनाउँछ।

(घ) "आमसञ्चार माध्यम" भन्नाले सूचना तथा सन्देशको सम्प्रेषण गर्ने उद्देश्यले स्थापना भई त्यस्तो सूचना वा सन्देश उत्पादन, प्रकाशन तथा प्रसारण गर्ने सरकारी, सामुदायिक वा निजी क्षेत्रबाट सञ्चालित विद्युतीय वा मुद्रणका सञ्चार माध्यम सम्झनु पर्छ ।

(ङ) "काउन्सिल" भन्नाले दफा ५ बमोजिम स्थापना भएको मिडिया काउन्सिल सम्झनु पर्छ।

(च) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस ऐनअन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ।

(छ) "परिवारका सदस्य" भन्नाले पति, पत्नी, बाबु, आमा, छोरा, छोरी, दाजु, भाइ, दिदी, बहिनी, नाति, नातिनी, बाजे, ठुलोबुबा, काका, फुपू, मामा, ससुरा, जेठान, साला, साली र त्यस्ता नाताका व्यक्तिको पति वा पत्नी तथा निजका छोरा, छोरी सम्झनु पर्छ।

(ज) "पत्रकार" भन्नाले आमसञ्चार माध्यममा व्यवस्थापकीय तथा प्रशासकीय अधिकार प्राप्त गरेको व्यक्तिबाहेक सञ्चारसम्बन्धी व्यवसाय वा सेवालाई प्रमुख व्यवसाय बनाई पारिश्रमिक लिई वा नलिई पूर्ण वा आंशिक समय काम गर्ने प्रधानसम्पादक, सम्पादक,



नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सिंहदरबार, काठमाडौं

डेस्क सम्पादक, संवाददाता, स्ट्रिञ्जर, समाचार वाचक, कार्यक्रम निर्देशक, अनुवादक, साजसज्जा प्राविधिक, स्तम्भ लेखक, फोटो पत्रकार, प्रेस क्यामेरा पर्सन, व्यङ्ग्य चित्रकार, कार्यक्रम निर्माता वा सञ्चालक, तस्वीर, दृश्य वा भाषा सम्पादक जस्ता पत्रकारिता पेसासँग सम्बन्धित व्यक्ति सम्झनु पर्छ र सो शब्दले सञ्चार संस्थामा आवद्ध नभई पत्रकारितासम्बन्धी कार्य गर्ने स्वतन्त्र पत्रकारलाई समेत जनाउँछ ।

(झ) "पत्रकारिता" भन्नाले सार्वजनिक तथा व्यावसायिक रुपमा छापा वा अनलाइन वा अन्य कुनै माध्यमबाट प्रवाह गरिने समाचार, सूचना, समाचार विश्लेषण, लेख, अन्तरवार्ता, मनोरञ्जनात्मक कार्यक्रम लगायतका सामग्री सङ्कलन, सम्पादन, प्रकाशन वा सम्प्रेषण गर्ने कार्य सम्झनु पर्छ।

(ञ) "प्रेस प्रतिनिधि" भन्नाले प्रेस प्रतिनिधिको परिचयपत्र लिएको व्यक्ति सम्झनु पर्छ।

(ट) "विभाग" भन्नाले सूचना तथा प्रसारण विभागलाई सम्झनु पर्छ।

(ठ) "मन्त्रालय" भन्नाले नेपाल सरकारको सूचना तथा सञ्चार मन्त्रालय सम्झनु पर्छ।

(ड) "सदस्य" भन्नाले काउन्सिलको सदस्य सम्झनु पर्छ र सो शब्दले काउन्सिलको अध्यक्षलाई समेत जनाउँछ

(ढ) "समिति" भन्नाले दफा ३ बमोजिम गठन भएको निर्देशक समिति सम्झनु पर्छ।

(ण) "सञ्चार संस्था" भन्नाले आमसञ्चार माध्यम सञ्चालन गर्न प्रचलित कानूनबमोजिम स्थापना वा दर्ता भएको सञ्चार संस्था वा प्रतिष्ठान सम्झनु पर्छ र सो शब्दले कुनै व्यक्ति, समूह वा संस्थाबीच एकअर्कासँग अन्तरक्रियात्मक सञ्चार र विषयवस्तु प्रसार गर्ने उद्देश्यले स्थापित अनलाइन सञ्चार संस्था र उक्त संस्थाले प्रयोग गरेका सामाजिक सञ्जाललाई समेत जनाउँछ।

## परिच्छेद– २
## निर्देशक समितिको गठन तथा सञ्चालन

३. **समितिको गठनः** (१) काउन्सिलको नीति निर्माण गर्न तथा सो संस्थाले सम्पादन गर्नुपर्ने कार्यका लागि नीतिगत मार्गनिर्देशन दिन एक निर्देशक समितिको गठन हुनेछ।

(२) समितिमा अध्यक्षसहित देहायबमोजिमका सदस्यहरू रहनेछन्ः-

(क) काउन्सिलको अध्यक्ष - अध्यक्ष

(ख) प्रतिनिधिसभा सदस्यमध्ये सभामुखको परामर्शमा नेपाल सरकारले तोकेका कम्तीमा एक जना महिलासहित दुई जना -सदस्य

(ग) नेपाल पत्रकार महासंघको अध्यक्ष -सदस्य

(घ) छापा पत्रकारिता, अनलाइन पत्रकारिता, रेडियो, टेलिभिजनका प्रकाशक, सम्पादक, सञ्चालक वा श्रमजीवी पत्रकारको समेत प्रतिनिधित्व हुने गरी प्रत्येक प्रदेशबाट एक जनाको

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सिंहदरवार, काठमाडौं

दरले कम्तीमा तीन जना महिला रहने गरी मन्त्रालयले मनोनयन गरेको सात जना -सदस्य

(ङ) मान्यता प्राप्त विश्वविद्यालयको पत्रकारिता विषयका प्राध्यापक वा सहप्राध्यापक वा उपप्रध्यापकमध्येबाट मन्त्रालयले मनोनयन गरेको एक जना -सदस्य

(च) आमसञ्चारसम्बन्धी कानून, मानव अधिकार, कृत्रिम बौद्धिकता वा सूचना प्रविधि क्षेत्रमध्येबाट मन्त्रालयले मनोनयन गरेको एक जना -सदस्य

(छ) सञ्चार माध्यमका पाठक, दर्शक, श्रोतामध्येबाट मन्त्रालयले मनोनयन गरेको कम्तीमा एक जना -सदस्य

(ज) महानिर्देशक, विभाग -सदस्य

(झ) प्रमुख प्रशासकीय अधिकृत -सचिव

(३) समितिको बैठक अध्यक्षले तोकेको मिति र समयमा वर्षमा कम्तीमा दुई पटक बस्नेछ । त्यसरी बैठक बस्दा अघिल्लो बैठक बसेको मितिले छ महिनाभन्दा बढी नहुने गरी अर्को बैठक बस्नु पर्नेछ ।

(४) समितिको कुल सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा बैठकका लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकमा बहुमतको राय समितिको निर्णय मानिनेछ र मत बराबर भएमा समितिको अध्यक्षले निर्णायक मत दिनेछ ।

(६) समितिको बैठकमा आवश्यकताअनुसार विषयविज्ञ वा सरोकारवाला व्यक्तिलाई आमन्त्रण गर्न सकिनेछ ।

(७) उपदफा (२) को खण्ड (ख), (घ), (ङ), (च) र (छ) बमोजिमका सदस्यको पदावधि चार वर्षको हुनेछ ।

(८) निर्देशक समितिका अध्यक्ष तथा सदस्यले समितिको बैठकमा उपस्थित भएबापत नेपाल सरकारको अर्थ मन्त्रालयबाट निर्धारण भएबमोजिमको बैठक भत्ता पाउनेछन् ।

(९) समिति बैठकसम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरेबमोजिम हुनेछ।

४. **<u>समितिको काम, कर्तव्य र अधिकार:</u>** समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) आमसञ्चारसम्बन्धी नीति निर्माणमा नेपाल सरकारलाई सुझाव दिने तथा समन्वय गर्ने,

(ख) काउन्सिलको नीति, वार्षिक योजना तथा कार्यक्रमअनुसार भएका कार्यहरूको समीक्षा गर्ने,

(ग) काउन्सिलको सम्बन्धमा नीतिगत मार्गदर्शन गर्ने तथा काउन्सिललाई आवश्यक निर्देशन दिने ।

नेपाल सरकार सूचना तथा सञ्चार मन्त्रालय सिंहदरबार, काठमाडौं

## परिच्छेद– ३
## काउन्सिलको स्थापना

५. **काउन्सिलको स्थापनाः** (१) स्वतन्त्र, स्वच्छ, मर्यादित र जवाफदेही पत्रकारिताको विकासका लागि स्वायत्त नियामक निकायका रूपमा मिडिया काउन्सिलको स्थापना गरिएको छ।

(२) काउन्सिलको कार्यालय काठमाडौं उपत्यकामा रहनेछ।

६. **काउन्सिल स्वशासित र सङ्गठित संस्था हुनेः** (१) काउन्सिल अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र सङ्गठित संस्था हुनेछ र यसले कानूनी व्यक्तित्व प्राप्त गर्नेछ ।

(२) काउन्सिलले कानूनी व्यक्तिको हैसियतले प्रचलित कानूनबमोजिम अधिकारको प्रयोग, कर्तव्यको पालना र दायित्व निर्वाह गर्नेछ ।

७. **काउन्सिलको गठनः** (१) काउन्सिलको गठन देहायबमोजिम हुनेछः-

(क) सिफारिस समितिको सिफारिसमा नेपाल सरकारले नियुक्त गरेको व्यक्ति -अध्यक्ष

(ख) सिफारिस समितिको सिफारिसमा नेपाल सरकारले नियुक्त गरेका एक जना - सदस्य

(ग) महानिर्देशक, विभाग -सदस्य

(२) प्रमुख प्रशासकिय अधिकृतले काउन्सिलको सचिव भई काम गर्नेछ ।

(३) काउन्सिलको अध्यक्ष र सदस्य उक्त पदमा रहुन्जेल कुनै पनि सञ्चार माध्यममा संलग्न रहने छैन।

(४) काउन्सिलको अध्यक्ष र सदस्यले आफू नियुक्त भएको तीस दिनभित्र आफू र आफ्नो परिवारका सदस्य संलग्न रहेको पेसा र व्यवसायका बारेमा काउन्सिलमा लिखित जानकारी दिनुपर्नेछ।

(५) उपदफा (१) को खण्ड (क) र (ख) बमोजिमको अध्यक्ष तथा सदस्यको नियुक्तिका लागि नेपाल सरकार समक्ष नाम सिफारिस गर्न देहायबमोजिमको एक सिफारिस समिति रहनेछः-

(क) सभामुख - संयोजक

(ख) मन्त्री, मन्त्रालय - सदस्य

(ग) आमसञ्चार क्षेत्रको कम्तीमा पन्ध्र वर्षको अनुभव प्राप्त व्यक्तिहरूमध्येबाट मन्त्रालयले मनोनयन गरेको व्यक्ति एक जना -सदस्य

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सिंहदरबार, काठमाडौं

(६) उपदफा (५) बमोजिम सिफारिस समितिको सिफारिसमा नेपाल सरकारले अध्यक्ष तथा सदस्यको नियुक्ति गर्नेछ । त्यसरी नियुक्ति गर्दा एकजना महिला समावेश हुने गरी नियुक्ति गर्नु पर्नेछ ।

(७) सिफारिससम्बन्धी अन्य कार्यविधि सिफारिस समितिले निर्धारण गरेबमोजिम हुनेछ।

८. **काउन्सिलको काम, कर्तव्य र अधिकार:** यस ऐनमा अन्यत्र उल्लेखित काम, कर्तव्य र अधिकारका अतिरिक्त काउन्सिलको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता एवं सञ्चारको हकको संरक्षण, सम्बर्द्धन र प्रबर्द्धन गर्ने,

(ख) स्वतन्त्र, स्वच्छ, मर्यादित र जवाफदेही पत्रकारिताको विकास तथा संरक्षणका लागि क्रियाशील रहने,

(ग) प्रकाशन तथा प्रसारण स्वतन्त्रता र पत्रकारिताको पेसागत मर्यादा हनन हुन नदिन क्रियाशील रहने,

(घ) आचारसंहिता जारी गर्ने तथा सोको कार्यान्वयनको अनुगमन गर्ने,

(ङ) आचारसंहिताविपरीत प्रकाशन वा प्रसारण भएको सामग्रीको अनुगमन र नियमन गर्ने,

(च) आचारसंहिता उल्लङ्घनको विषयमा उजुरी लिने र उजुरीको सुनुवाइ गर्ने,

(छ) विश्वसनीय सञ्चार वातावरण कायम गर्न आमसञ्चार माध्यम तथा आमनागरिकबीचको सम्बन्धलाई सौहार्दपूर्ण बनाउन आवश्यक समन्वय गर्ने एवं आमनागरिक, पत्रकार, सञ्चार संस्था र सञ्चार माध्यमबीच उत्पन्न विवादमा मेलमिलाप गर्ने, गराउने,

(ज) मिडियाको स्वनियमन र स्वमूल्याङ्कन प्रणालीको विकास तथा प्रोत्साहनमा सहयोग गर्ने तथा संघ, प्रदेश र स्थानीय तहसँग सहकार्य गर्ने,

(झ) मिडिया साक्षरता र नागरिक सचेतनासम्बन्धी कार्यक्रम सञ्चालन गर्ने,

(ञ) कुन सूचना सही/तथ्यपरक हो र कुन भ्रमपूर्ण/गलत हो भनी छुट्टयाउने प्रणालीको विकास गर्ने,

(ट) आमसञ्चार तथा पत्रकारिताका विषयमा समसामयिक अध्ययन, अनुसन्धान र प्रशिक्षण गर्ने,

(ठ) काउन्सिलको नीति, वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत गर्ने,

(ड) आमसञ्चार माध्यमको समग्र अवस्थाको प्रवृत्तिगत अध्ययन तथा विश्लेषण गरी प्रतिवेदन प्रकाशन गर्ने।

९. **योग्यता:** देहायको योग्यता पुगेको व्यक्ति काउन्सिलको अध्यक्ष वा सदस्यको पदमा नियुक्ति हुन योग्य हुनेछः-

(क) नेपाली नागरिक,



नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सिंहदरबार, काठमाडौं

(ख) उच्च नैतिक चरित्र भएको,

(ग) अध्यक्षको हकमा सर्वोच्च अदालतको न्यायाधीश हुने योग्यता पुगेको वा मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातकोत्तर तहको उपाधि हासिल गरी पत्रकारिताको क्षेत्रमा निरन्तर कम्तीमा पन्ध्र वर्षको अनुभवसहित सो क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएको,

(घ) सदस्यको हकमा मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातक तहको उपाधि हासिल गरेको र आमसञ्चार, व्यवस्थापन, कानून वा सूचना प्रविधि क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव हासिल गरेको,

(ङ) अध्यक्षको हकमा चालीस वर्ष र सदस्यको हकमा तीस वर्ष उमेर पूरा भएको,

(च) दफा १० बमोजिमको अयोग्यता नभएको।

१०. **अयोग्यता:** देहायको व्यक्ति काउन्सिलको अध्यक्ष वा सदस्यको पदमा नियुक्तिका लागि अयोग्य हुनेछः-

(क) दफा ९ बमोजिमको योग्यता नभएको वा नरहेको,

(ख) नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य रहेको,

(ग) पैंसठ्ठी वर्ष उमेर पूरा भएको,

(घ) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचविखन तथा ओसार पसार, लागुऔषध विक्री वितरण वा ओसारपसार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरण, सङ्गठित अपराध, नैतिक पतन देखिने अन्य फौजदारी कसुरमा अदालतबाट सजाय पाएको,

(ङ) कुनै विदेशी राष्ट्रको स्थायी आवासीय अनुमतिपत्र वा नागरिकता लिएको,

(च) प्रचलित कानूनबमोजिम कालोसूचीमा नाम समावेश रहेको,

(छ) प्रचलित कानूनबमोजिम सार्वजनिक पदमा नियुक्ति वा मनोनयन हुन योग्य नभएको, वा

(ज) गम्भीर प्रकृतिको पत्रकार आचारसंहिता उल्लङ्घन गरेको प्रमाणित भएको।

११. **पदावधिः** (१) काउन्सिलको अध्यक्ष र सदस्यको पदावधि चार वर्षको हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि काउन्सिलको अध्यक्ष वा सदस्यलाई कार्य क्षमताको अभाव, खराब आचरण वा पदीय दायित्व पूरा नगरेको कारण पदबाट हटाउनुपर्ने अवस्था भएमा मन्त्रालयले छानविनका लागि उच्च अदालतबाट अवकाश प्राप्त न्यायाधीशको अध्यक्षतामा अन्य दुई जना विज्ञसमेत रहेको तीन सदस्यीय जाँचबुझ समिति गठन गर्नेछ।

(३) उपदफा (२) बमोजिमको जाँचबुझ समितिले आरोप लागेको अध्यक्ष वा सदस्यलाई सोधपुछ गर्न वा बयान लिन सक्नेछ।

(४) उपदफा (२) बमोजिमको जाँचबुझ समितिले काम सुरु गरेको मितिले एक महिनाभित्र जाँचबुझको कार्य सम्पन्न गरी सोको प्रतिवेदन मन्त्रालय समक्ष पेस गर्नुपर्नेछ।



नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सिंहदरबार, काठमाडौं

(५) उपदफा (४) बमोजिम जाँचबुझ समितिले अध्यक्ष वा सदस्यलाई पदबाट हटाउन सिफारिस गरेमा मन्त्रालयले सोहीबमोजिम त्यस्तो अध्यक्ष वा सदस्यलाई पदबाट हटाउने गरी नेपाल सरकार समक्ष प्रस्ताव पेस गर्नुपर्नेछ।

(६) उपदफा (५) बमोजिमको प्रस्तावका आधारमा नेपाल सरकारले त्यस्तो अध्यक्ष वा सदस्यलाई पदबाट हटाउन सक्नेछ।

(७) उपदफा (६) बमोजिम अध्यक्ष वा सदस्यलाई पदबाट हटाउनुअघि निजलाई आफ्नो सफाइ पेस गर्ने मनासिव मौका दिनुपर्नेछ।

१२. **पद रिक्त हुने अवस्था:** देहायको अवस्थामा अध्यक्ष वा दफा ७ को उपदफा (१) को खण्ड (ख) बमोजिमका सदस्यको पद रिक्त हुनेछः-

(क) नेपाल सरकार समक्ष लिखित राजीनामा दिएमा,

(ख) दफा १० बमोजिम अयोग्य भएमा,

(ग) दफा ११ बमोजिम पदावधि पूरा भएमा वा पदबाट हटाइएमा,

(घ) मृत्यु भएमा।

१३. **अध्यक्षको काम, कर्तव्य र अधिकार:** यस ऐनमा अन्यत्र उल्लेखित काम, कर्तव्य र अधिकारको अतिरिक्त अध्यक्षको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) काउन्सिलको बैठकको अध्यक्षता गर्ने,

(ख) काउन्सिलको नीति तथा कार्यक्रम तयार गर्ने, गराउने,

(ग) काउन्सिलको बैठकमा काउन्सिलको नीति, वार्षिक बजेट तथा कार्यक्रम पेस गर्ने,

(घ) काउन्सिलको बैठकका लागि कार्यसूची तयार गर्ने, गराउने,

(ङ) काउन्सिलको बैठकका निर्णय कार्यान्वयन गर्ने, गराउने,

(च) काउन्सिलका तोकेका अन्य काम गर्ने।

१४. **सदस्यको काम, कर्तव्य र अधिकार:** सदस्यको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) काउन्सिलको बैठकमा सहभागी हुने,

(ख) काउन्सिलको बैठकमा आफूले प्रतिनिधित्व गर्ने क्षेत्रको विषयसूची प्रस्तुत गर्ने,

(ग) काउन्सिलले तोकेका कार्य गर्ने ।

१५. **अध्यक्ष तथा सदस्यको सेवाका शर्त तथा सुविधा:** (१) अध्यक्ष काउन्सिलको पूरा समय काम गर्ने प्रमुख पदाधिकारी हुनेछ।

(२) अध्यक्ष तथा दफा ७ को उपदफा (१) को खण्ड (ख) बमोजिमको सदस्यको पारिश्रमिक, सुविधा र सेवाका अन्य शर्त तोकिएबमोजिम हुनेछ।

१६. **काउन्सिलको बैठक:** (१) काउन्सिलको बैठक कम्तीमा तीन महिनाको एक पटक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सिंहदरबार, काठमाडौं

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अध्यक्षको पद रिक्त रहेको वा निलम्बनमा रहेको अवस्थामा दफा १७ बमोजिम कार्यवाहक अध्यक्ष नतोकिएसम्मका लागि काउन्सिलको जेष्ठ सदस्यले बैठक बोलाउनेछ र सो बैठकको अध्यक्षता गर्नेछ।

(३) काउन्सिलको सचिवले काउन्सिलको बैठक बस्ने मिति, समय, स्थान र बैठकमा छलफल हुने विषयसूचीसहितको सूचना बैठक बस्ने समयभन्दा कम्तीमा अठचालीस घण्टा अगावै सबै सदस्यले पाउने गरी पठाउनुपर्नेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि उचित र पर्याप्त कारण भएमा अध्यक्षले त्यस्तो कारण खुलाई अठचालीस घण्टा अगावै काउन्सिलको बैठक बोलाउन सक्नेछ।

(५) कुनै सदस्यले बैठकमा छलफल हुने विषयसूचीमा उल्लिखित विषयको अतिरिक्त अन्य कुनै विषयमा छलफल गराउन चाहेमा त्यसरी छलफल गर्न चाहेको विषय र कारणसहितको सूचना बैठक बस्नुभन्दा अगावै काउन्सिलको सचिवलाई दिनुपर्नेछ। त्यसरी सूचना प्राप्त हुनासाथ काउन्सिलको सचिवले त्यसको जानकारी अध्यक्ष र सदस्यलाई दिनुपर्नेछ।

(६) उपदफा (३) र (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि काउन्सिलको बैठकमा उपस्थित सबै सदस्यको सहमतिले विषयसूचीमा नपरेको विषयमा समेत छलफल गरी निर्णय गर्न सकिनेछ।

(७) काउन्सिलको कुल सदस्य संख्याको कम्तीमा एकाउन्न प्रतिशत सदस्यहरू उपस्थित भएमा काउन्सिलको बैठकका लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(८) काउन्सिलको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ।

(९) काउन्सिलको निर्णय बहुमतद्वारा हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(१०) काउन्सिलको सचिवले बैठकको निर्णयमा अध्यक्ष र सदस्यको हस्ताक्षर गराई सुरक्षित रूपमा राख्नुपर्नेछ र निर्णयको प्रति सबै सदस्यलाई उपलब्ध गराउनुपर्नेछ ।

(११) काउन्सिलको बैठकसम्बन्धी अन्य कार्यविधि काउन्सिल आफैंले निर्धारण गरेबमोजिम हुनेछ ।

१७. **कार्यवाहक अध्यक्ष तोक्ने:** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानूनबमोजिम भ्रष्टाचारको मुद्दा दर्ता भएको वा कुनै फौजदारी कसुरमा पक्राउ परी थुनामा रहेका कारण अध्यक्ष निलम्बनमा रहेमा त्यस्तो निलम्बनमा रहेको अवधिभर अध्यक्षका रूपमा कामकाज गर्नका लागि मन्त्रालयले दफा ७ को उपदफा (१) को खण्ड (ख) बमोजिमको सदस्यलाई कार्यवाहक अध्यक्ष तोक्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्यवाहक अध्यक्षले यस ऐनबमोजिम अध्यक्षको अधिकारको प्रयोग र दायित्वको निर्वाह गर्नेछ र निजले अध्यक्ष सरहको सेवा सुविधासमेत प्राप्त गर्नेछ। यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानूनबमोजिम भ्रष्टाचारको मुद्दा दर्ता भएको कारण अध्यक्ष निलम्बनमा रही तीन महिनाभन्दा बढी अवधिका लागि कार्यसम्पादन गर्न नसक्ने

नेपाल सरकार सूचना तथा सञ्चार मन्त्रालय सिंहदरबार, काठमाडौं

भएमा नेपाल सरकारले दफा ७ को उपदफा (५) बमोजिमको समितिको सिफारिसमा बाँकी अवधिका लागि अर्को अध्यक्ष नियुक्ति गर्न सक्नेछ।

(३) यस दफाबमोजिम निलम्बित अध्यक्षको निलम्बन फुकुवा भई अध्यक्षको पदमा बहाली गरेपछि कार्यवाहक अध्यक्ष दफा ११ को अधीनमा रही स्वत: साविकको सदस्य पदमा कायम रहनेछ।

## परिच्छेद– ४
## प्रमुख प्रशासकीय अधिकृतको नियुक्ति तथा काम, कर्तव्य र अधिकारसम्बन्धी व्यवस्था

१८. **प्रमुख प्रशासकीय अधिकृतको नियुक्तिः** (१) काउन्सिलको अध्यक्षको सामान्य निर्देशन र नियन्त्रणमा रही काउन्सिलको दैनिक प्रशासकीय कार्य सञ्चालन गर्नका लागि एक प्रमुख प्रशासकीय अधिकृत रहनेछ।

(२) प्रमुख प्रशासकीय अधिकृतको नियुक्त काउन्सिलले गर्नेछ।

(३) प्रमुख प्रशासकीय अधिकृतको पदावधि बढीमा चार वर्षको हुनेछ ।

१९. **प्रमुख प्रशासकीय अधिकृतको काम, कर्तव्य र अधिकारः** प्रमुख प्रशासकीय अधिकृतको काम, कर्तब्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) काउन्सिलको वार्षिक नीति, योजना, कार्यक्रम र वजेट तर्जुमा गरी अध्यक्ष समक्ष पेस गर्ने,

(ख) वार्षिक कार्यक्रमको कार्यान्वयनका लागि कार्ययोजना बनाई अध्यक्ष समक्ष पेस गर्ने,

(ग) काउन्सिलका कर्मचारीको रेखदेख, समन्वय, नियन्त्रण, अनुगमन तथा मूल्याङ्कन गर्ने,

(घ) अध्यक्षको निर्देशनअनुसार काउन्सिलको बैठक बोलाउने,

(ङ) काउन्सिलले तोकेका अन्य कार्य गर्ने ।

## परिच्छेद– ५
## आचारसंहिताको पालना, अनुगमन तथा कारबाही

२०. **आचारसंहिता जारी गर्नेः** (१) काउन्सिलले पत्रकारिताको पेसागत मर्यादा कायम राख्न आचारसंहिता बनाई जारी गर्नेछ।

(२) उपदफा (१) बमोजिम काउन्सिलले आचारसंहिता जारी गर्नुअघि नेपाल पत्रकार महासंघ तथा अन्य सरोकारवाला संघसंस्थासँग सुझाव र परामर्श लिनुपर्नेछ।

(३) उपदफा (१) बमोजिम काउन्सिलले आचारसंहिता निर्माण गर्दा आचारसंहिता उल्लङ्घनलाई मुख्यत: देहायका विषयमा वर्गीकरण गर्नु पर्नेछः-

(क) पत्रकारिताजन्य त्रुटिः पत्रकारिताको सामान्य अभ्यासका क्रममा उचित सावधानी अपनाउँदा अपनाउँदै भएको देहायको त्रुटिलाई पत्रकारिताजन्य त्रुटि मानिनेछः-

(१) नाम, पद, मिति, स्थान, संख्या वा तथ्यगत विवरणमा भएको त्रुटि,



नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सिंहदरबार, काठमाडौं

(२) छपाई, अनुवाद वा सम्पादनसम्बन्धी त्रुटि,

(३) समाचार र विचारलाई मिश्रित रूपमा प्रस्तुत गरिएको त्रुटि,

(४) समाचारको मूल आशय नबिग्रिने गरी भएको सामान्य तथ्यगत त्रुटि।

(ख) व्यावसायिक लापरवाही: समाचार वा सामग्री प्रकाशन तथा प्रसारण गर्दा देहायबमोजिमको कार्य भएमा व्यावसायिक लापरवाही मानिनेछः–

(१) न्यूनतम तथ्य परीक्षण नगरी समाचार वा सामग्री प्रकाशन वा प्रसारण गर्नु,

(२) गम्भीर आरोपसम्बन्धी समाचारमा सम्बन्धित पक्षलाई प्रतिक्रिया दिने अवसर नदिनु,

(३) अविश्वसनीय वा अप्रमाणित स्रोतमा आधारित सामग्रीलाई तथ्यका रूपमा प्रस्तुत गर्नु,

(४) समाचारको वास्तविक आशयलाई विकृत गर्ने शीर्षक, तस्वीर, भिडियो वा प्रस्तुतीकरण गर्नु,

(५) तथ्य प्रमाण हुँदाहुँदै गलत सूचना सच्चाउन अस्वीकार गर्नु,

(६) समाचार स्रोतसँग अनुचित सम्बन्धको आधारमा सूचना लिनु,

(७) समाचारलाई विज्ञापनको रूपमा प्रस्तुत गर्नु,

(८) प्रकाशन वा प्रसारणको समयमा सत्य ठानी प्रस्तुत गरिएको तथ्य तर पछि गलत सावित हुनु,

(९) बारम्बार तथ्यगत त्रुटि दोहोऱ्याई व्यावसायिक मापदण्डप्रति लापरवाही देखाउनु।

(ग) गम्भीर आचारसंहिता उल्लङ्घन: समाचार वा सामाग्री प्रकाशन तथा प्रसारण गर्दा देहायबमोजिमको कार्य भएमा गम्भीर आचारसंहिता उल्लङ्घन मानिनेछः–

(१) कानूनले संरक्षण गरेको बालबालिकाको पहिचान सार्वजनिक गर्नु,

(२) यौन हिंसा वा यौन अपराधका पीडितको पहिचान सार्वजनिक गर्नु,

(३) प्रकाशित, प्रसारित वा वितरण गरिएको सूचना वस्तुगत रूपमा गलत भएको,

(४) सम्बन्धित व्यक्ति वा संस्थालाई उक्त सूचना गलत भएको थाहा भएको वा थाहा हुनुपर्ने पर्याप्त आधार रहेको,

(५) जातीय, धार्मिक, लैङ्गिक वा अन्य आधारमा घृणा, विभेद वा साम्प्रदायिक हिंसा भड्काउने सामग्री प्रकाशन वा प्रसारण गर्नु,

(६) तथ्य, तस्वीर, ध्वनि वा दृश्य सामग्री जालसाजी गरी प्रस्तुत गर्नु,

(७) तथ्यहीन वा गलत सामग्री प्रकाशन वा प्रसारण गरी व्यक्तिगत चरित्र वा इज्जतको मानमर्दन गर्नु,

(८) कानूनले संरक्षण गरेको गोपनीयताको गम्भीर उल्लङ्घन गर्नु,

(९) प्रकाशन वा प्रसारणमा अदालतबाट भएको आदेशको जानाजानी उल्लङ्घन गर्नु,

(१०) प्रतिलिपी अधिकारको उल्लङ्घन गर्नु,



नेपाल सरकार सूचना तथा सञ्चार मन्त्रालय सिंहदरबार, काठमाडौं

(११) फोटो, भिडियो वा अन्य प्रमाणको अनाधिकृत प्रयोग गर्नु,

(१२) राष्ट्रिय सुरक्षा, सम्प्रभुता र बैदेशिक सम्बन्धमा आँच आउने वा खलल पुग्ने गरी सूचना सामग्री प्रकाशन वा प्रसारण गर्नु।

(३) उपदफा (१) बमोजिम काउन्सिलले जारी गरेको आचारसंहिताको पालना गर्नु प्रत्येक सञ्चार संस्था, आमसञ्चार माध्यम र पत्रकारको कर्तव्य हुनेछ।

(४) आमसञ्चार माध्यमले काउन्सिलले जारी गरेको आचारसंहिताको प्रतिकूल नहुने गरी आ-आफ्नो सञ्चार माध्यमका लागि सञ्चार संस्थाले आचारसंहिता र सम्पादकीय नीतिको स्वघोषणा गर्नु पर्नेछ।

(५) उपदफा (१) बमोजिम जारी भएको आचारसंहिताको पालना भए नभएको र उपदफा (४) बमोजिम घोषित आचारसंहिता र सम्पादकीय नीतिको परिपालना भए नभएको सम्बन्धमा काउन्सिलले आवश्यक अनुगमन गर्नेछ र त्यस्तो आचारसंहिता र सम्पादकीय नीति पालनाका लागि आवश्यक निर्देशन दिन सक्नेछ।

(६) उपदफा (५) बमोजिमको निर्देशनको पालना गर्नु सम्बन्धित सञ्चार संस्था, आमसञ्चार माध्यम र पत्रकारको कर्तव्य हुनेछ।

२१. **स्वनियमन र स्वमूल्याङ्कन:** (१) काउन्सिलले स्वतन्त्र, स्वच्छ, मर्यादित र जवाफदेही पत्रकारिताको विकासका लागि आमसञ्चार माध्यमलाई स्वनियमन र स्वमूल्याङ्कन गर्न लगाउनेछ।

(२) आमसञ्चार माध्यमले पाठक, श्रोता र दर्शकको गुनासो सुनुवाइ गर्न स्वनियमन संयन्त्र बनाउनु पर्नेछ ।

(३) आमसञ्चार माध्यमले पत्रकारिता व्यवसाय र लेखनमा एकरुपता ल्याउनको लागि शैली पुस्तिका प्रकाशन गरी सार्वजनिक गर्नु पर्नेछ र सोको जानकारी काउन्सिललाई समेत गराउनु पर्नेछ।

(४) काउन्सिल आफैंले पनि आचारसंहिता उल्लङ्घनका गुनासो सुनुवाइ गर्न आवश्यकतानुसार विशेष व्यवस्था गर्न सक्नेछ।

२२. **जानकारी गराउनुपर्ने:** (१) सञ्चार संस्थाको अध्यक्ष र सञ्चालकले आफ्नो लगानी भएको व्यवसाय, लगानीको क्षेत्र र स्रोतका बारेमा काउन्सिललाई काउन्सिलले तोकेको ढाँचामा जानकारी गराउनु पर्नेछ।

(२) सञ्चार संस्थाले आफ्नो व्यवसाय वा लगानी गरेको संस्थासँग सम्बन्धित समाचार, लेख वा रचना प्रकाशन वा प्रसारण गर्दा त्यस्ता सामग्रीहरू आफ्नो लगानी रहेको क्षेत्रसँग सम्बन्धित भएमा सर्वसाधारणले देख्न, पढ्न वा सुन्न सक्ने गरी तोकिएबमोजिम जानकारी गराउनुपर्नेछ।

२३. **उजुरी दिन सकिने:** (१) दफा २० बमोजिम काउन्सिलले जारी गरेको आचारसंहिता सञ्चार संस्था, आमसञ्चार माध्यम वा पत्रकारले उल्लङ्घन गरेमा सरोकारवाला कुनै व्यक्ति वा संस्थाले काउन्सिलमा उजुरी दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको उजुरी लिखित रूपमा वा विद्युतीय माध्यमबाट समेत दिन सकिनेछ।



नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सिंहदरबार, काठमाडौं

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि काउन्सिलले जारी गरेको आचारसंहिता सञ्चार संस्था, आमसञ्चार माध्यम वा पत्रकारले उल्लङ्घन गरेको सूचना वा जानकारी कुनै माध्यमबाट काउन्सिललाई प्राप्त भएमा काउन्सिलले दफा २४ बमोजिम कारबाही गर्न सक्नेछ।

२४. **उजुरी उपर जाँचबुझ र कारबाही:** (१) दफा २३ बमोजिम प्राप्त उजुरी वा काउन्सिललाई कुनै माध्यमबाट प्राप्त सूचना वा जानकारी उपर काउन्सिलले प्रारम्भिक जाँचबुझ गर्नेछ ।

(२) उपदफा (१) बमोजिम जाँचबुझ गर्दा प्राप्त उजुरी, सूचना वा जानकारी काल्पनिक, आधारहीन वा झुट्टा देखिएमा काउन्सिलले आधार र कारण खोली त्यस्तो उजुरी, सूचना वा जानकारीलाई तामेलीमा राख्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम काल्पनिक, आधारहीन वा झुट्टा उजुरी, सूचना वा जानकारी दिने व्यक्ति वा संस्थालाई काउन्सिलले सचेत गराउन सक्नेछ।

(४) उपदफा (१) बमोजिम प्रारम्भिक जाँचबुझ गर्दा आचारसंहिता उल्लङ्घन गरेको देखिने आधार विद्यमान भएमा काउन्सिलले त्यस्तो उजुरी, सूचना वा जानकारीको विस्तृत जाँचबुझ गर्नेछ। त्यसरी जाँचबुझ गर्दा काउन्सिलले सम्बन्धित सञ्चार संस्था, आमसञ्चार माध्यम र पत्रकारलाई सोधपुछ गर्ने वा उजुरसँग सम्बन्धित प्रमाण बुझ्नेसमेतका काम गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिमको विस्तृत जाँचबुझ र कारबाही निर्धारण गर्दा काउन्सिलले देहायका विषय र अवस्थालाई आधारको रूपमा लिनु पर्नेछः-

(क) उल्लङ्घनको प्रकृति र गम्भीरता,

(ख) उल्लङ्घन जानाजानी, लापरवाहीपूर्वक वा हेलचेक्र्याइँपूर्वक भएको हो वा होइन,

(ग) उल्लङ्घनबाट भएको वा हुनसक्ने सार्वजनिक प्रभाव,

(घ) सम्बन्धित पक्षले गल्ती सच्याउन वा क्षति न्यूनीकरण गर्न गरेको प्रयास,

(ङ) उजुरीको जाँचबुझको क्रममा सम्बन्धित पक्षले पुर्‍याएको सहयोगको स्थिति,

(च) आचारसंहिता उल्लङ्घनको पुनरावृत्तिको अवस्था।

(६) उपदफा (५) बमोजिमको विस्तृत जाँचबुझ र दफा २० बमोजिम आचारसंहिता उल्लङ्घन गरेको विषयमा दफा २५ बमोजिम मेलमिलाप हुन नसकेमा काउन्सिलले आचारसंहिता उल्लङ्घन गर्ने सञ्चार संस्था, आमसञ्चार माध्यम वा पत्रकारलाई देहायबमोजिम कारबाही गर्न सक्नेछः-

(क) दफा २० को उपदफा (३) को खण्ड (क) बमोजिम आचारसंहिता उल्लङ्घन गरेमा सच्याउन निर्देशन दिने र क्षमायाचना गर्न लगाउने वा काउन्सिलले निर्धारण गरेबमोजिमको सङ्ख्या, समय वा पृष्ठमा खण्डन प्रकाशन, प्रसारण गर्न लगाउने वा दुबै कारबाही,

(ख) दफा २० को उपदफा (३) को खण्ड (ख) बमोजिम आचारसंहिता उल्लङ्घन गरेमा सच्याउन वा स्पष्टीकरण दिन आदेश दिने र सार्वजनिक रूपमा क्षमायाचना गराउने वा सार्वजनिक रूपमा क्षमायाचना नगरेमा काउन्सिलको अभिलेखमा राखी निजको नाम सार्वजनिक गर्ने वा दुबै कारबाही,

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सिंहदरबार, काठमाडौं

(ग) दफा २० को उपदफा (३) को खण्ड (ग) बमोजिम आचारसंहिता उल्लङ्घन गरेमा नेपाल सरकारबाट पाउने सेवा, सुविधा, सहुलियत वा लोककल्याणकारी विज्ञापन वा अन्य सुविधा तोकिएको अवधिभरका लागि आंशिक वा पूरै रोक लगाउन सम्बन्धित निकायमा सिफारिस गर्ने वा अधिकतम एक वर्ष अवधिका लागि प्रेस पास निलम्बनका लागि विभागमा सिफारिस गर्ने वा दुबै कारबाही।

(७) उपदफा (६) बमोजिम कारबाही गर्ने निर्णय गर्नुअघि काउन्सिलले सम्बन्धित सञ्चार संस्था, आमसञ्चार माध्यम वा पत्रकारलाई सफाइ पेस गर्ने मनासिब मौका दिनुपर्नेछ।

२५. **मेलमिलाप गराउने:** काउन्सिलबाट जारी भएको आचारसंहिताविपरीत कुनै सामग्री प्रकाशन वा प्रसारण गरेका कारण कसैको मर्यादा वा प्रतिष्ठामा आँच पुऱ्याएको भनी मर्का पर्ने व्यक्तिले दफा २३ बमोजिम दिएको उजुरी उपर दफा २४ बमोजिम जाँचबुझ गर्दा कसैको मर्यादा वा प्रतिष्ठामा आँच पुऱ्याएको देखिएमा काउन्सिलले सम्बन्धित सञ्चार संस्था, आमसञ्चार माध्यम वा पत्रकार र उजुरीकर्ताका बीचमा मेलमिलाप गराउन सक्नेछ ।

२६. **क्षतिपूर्ति:** काउन्सिलबाट जारी भएको आचारसंहिताविपरीत कुनै सञ्चार संस्था, सञ्चार माध्यम वा पत्रकारबाट प्रकाशन वा प्रसारण भएको कुनै समाचार वा सूचनाबाट कुनै व्यक्तिको मर्यादा वा प्रतिष्ठामा गम्भीर असर पुऱ्याएको वा सम्पत्ति वा व्यवसायमा हानि नोक्सानी भएको अवस्थामा त्यस्तो व्यक्तिले क्षतिपूर्तिको दाबीसहित सम्बन्धित सञ्चार संस्था, आमसञ्चार माध्यम वा पत्रकारविरुद्ध सम्बन्धित जिल्ला अदालतमा उजुरी दिन सक्नेछ।

२७. **पुनरावेदन:** दफा २४ को उपदफा (६) बमोजिमको कारबाही वा आदेशमा चित्त नबुझेमा चित्त नबुझ्ने पक्षले कारबाही वा आदेश भएको मितिले पैंतीस दिनभित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन दिन सक्नेछ।

२८. **प्रचलित कानूनबमोजिम कारबाही गर्न बाधा नपर्ने:** यस ऐनबमोजिम आचारसंहिता उल्लङ्घन गरेको कुनै काम अन्य प्रचलित कानूनबमोजिम कसुर हुने भएमा आचारसंहिता उल्लङ्घनमा कारबाही भएको कारणबाट मात्रै त्यस्तो कसुरमा प्रचलित कानूनबमोजिम कारबाही चलाउन र सजाय गर्न बाधा पर्नेछैन।

## परिच्छेद- ६
## कोष तथा लेखापरीक्षण

२९. **काउन्सिलको कोष:** (१) काउन्सिलको एउटा छुट्टै कोष हुनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहनेछन्:-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) कुनै स्वदेशी व्यक्ति वा संघसंस्थाबाट आर्थिक अनुदान वा सहायता स्वरूप प्राप्त रकम,

(ग) कुनै विदेशी सरकार, निकाय वा संस्थाबाट वैदेशिक सहायता स्वरूप प्राप्त आर्थिक अनुदानको रकम,



नेपाल सरकार सूचना तथा सञ्चार मन्त्रालय सिंहदरबार, काठमाडौं

(घ) काउन्सिलले अन्य कुनै स्रोतबाट प्राप्त गरेको रकम।

(३) उपदफा (२) को खण्ड (ग) बमोजिम आर्थिक अनुदान लिनुअघि नेपाल सरकारको अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्नेछ।

(४) उपदफा (१) बमोजिमको कोषमा प्राप्त रकम बैंक तथा वित्तीय संस्थासम्बन्धी प्रचलित कानूनबमोजिम इजाजतपत्र प्राप्त "क" वर्गको कुनै बैंकमा खाता खोली जम्मा गर्नुपर्नेछ।

(५) काउन्सिलका तर्फबाट गरिने सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ।

(६) उपदफा (५) बमोजिम खर्च गर्दा प्रत्येक आर्थिक वर्षका लागि स्वीकृत कार्यक्रम र बजेटको अधीनमा रही खर्च गर्नुपर्नेछ।

३०. **लेखा र लेखापरीक्षण:** (१) काउन्सिलले आफ्नो आय व्ययको लेखा नेपाल सरकारले अपनाएको लेखा प्रणालीबमोजिम राख्नुपर्नेछ।

(२) काउन्सिलको आन्तरिक लेखापरीक्षण कोष तथा लेखा नियन्त्रकको कार्यालयबाट र अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

(३) नेपाल सरकारले काउन्सिलको आय व्ययको लेखा, तत् सम्बन्धी कागजात र अन्य नगदी जिन्सी जुनसुकै बखत जाँच्न वा जँचाउन सक्नेछ।

## परिच्छेद– ७
## विविध

३१. **आमसञ्चार माध्यमको वर्गीकरण:** (१) आमसञ्चार माध्यमलाई नेपाल सरकार वा नेपाल सरकारको स्वामित्व भएको संस्थाबाट उपलब्ध गराइने सेवा सुविधा तथा विज्ञापन उपलब्ध गराउने प्रयोजनका लागि काउन्सिलले तोकिएबमोजिम वर्गीकरण गर्नेछ।

(२) उपदफा (१) बमोजिम वर्गीकरण गर्दा आमसञ्चार संस्थाको भौतिक पूर्वाधार, जनशक्ति, लगानी, उद्देश्य, स्वामित्व, आमसञ्चारको पहुँच क्षेत्र र अन्य तोकिएको आधारमा गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिम नेपाल सरकारले सेवा सुविधा तथा विज्ञापन उपलब्ध गराउँदा राष्ट्रभाषामा प्रकाशन र प्रसारण गर्ने संस्थालाई विशेष सुविधा दिन सक्नेछ ।

(४) आमसञ्चार माध्यमको वर्गीकरणसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

३२. **कर्मचारीसम्बन्धी व्यवस्था:** (१) यो ऐन प्रारम्भ हुँदाका बखत काउन्सिलमा स्वीकृत रहेका दरबन्दीहरूलाई काउन्सिलको आवश्यकता र औचित्यका आधारमा पुनरावलोकन गरी दरबन्दी पुनर्संरचना गरिनेछ।

(२) यो ऐन प्रारम्भ हुँदाका बखत काउन्सिलमा कार्यरत स्थायी कर्मचारीहरू उपदफा (१) बमोजिम कायम गरिएको मिल्दो दरबन्दी (पद, तह र श्रेणी) मा समायोजन गरिनेछ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सिंहदरबार, काठमाडौं

(३) उपदफा (२) बमोजिम मिल्दो पद, तह र श्रेणीमा समायोजन हुन नसकेका कर्मचारीहरूलाई निजको बाँकी अवधि गणना गरी अवकाश दिने व्यवस्था गर्न सकिनेछ।

तर, सो अवधि अनिवार्य अवकाश हुने उमेरभन्दा बढी हुने गरी गणना गरिने छैन।

(४) उपदफा (२) बमोजिम समायोजन भएका कर्मचारीको सेवा सुविधा निजले खाईपाई आएको सेवा सुविधाभन्दा कम हुने छैन।

(५) काउन्सिलमा आवश्यक संख्यामा कर्मचारी रहनेछन्। काउन्सिलमा रहने कर्मचारीको दरवन्दी नेपाल सरकारले स्वीकृत गरेबमोजिम हुनेछ ।

३३. **समिति वा उपसमिति गठन गर्न सकिने:** (१) काउन्सिलले आफ्नो कामकारबाही सम्पादन गर्ने क्रममा आवश्यकताअनुसार समिति वा उपसमिति गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गठित समिति वा उपसमितिको काम, कर्तव्य, अधिकार र कार्यावधि सो समिति वा उपसमिति गठन गर्दाको बखत काउन्सिलले निर्धारण गरेबमोजिम हुनेछ।

३४. **निजी स्वार्थ भएमा निर्णय प्रक्रियामा सहभागी हुन नहुने:** अध्यक्ष, सदस्य वा काउन्सिलका कर्मचारीले कुनै निर्णय गर्दा त्यस्तो विषयमा आफ्नो कुनै हित, सरोकार वा स्वार्थ रहेको भएमा वा आफू वा आफ्नो परिवारका सदस्यलाई प्रत्यक्ष फाइदा पुग्ने भएमा सो कुराको जानकारी काउन्सिललाई गराई त्यस्तो विषयको निर्णय प्रक्रियामा सहभागी हुनु हुँदैन।

३५. **अधिकार प्रत्यायोजन:** (१) काउन्सिलले यस ऐनबमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकताअनुसार कुनै अधिकार अध्यक्ष, सदस्य वा दफा ३१ बमोजिम गठित समिति वा उपसमितिलाई प्रत्यायोजन गर्न सक्नेछ।

तर, काउन्सिलमा परेको उजुरी उपरको कारबाही गर्ने अधिकार प्रत्यायोजन हुन सक्ने छैन।

(२) अध्यक्षले आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकताअनुसार कुनै अधिकार काउन्सिलका कुनै सदस्य वा अधिकृतस्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

३६. **शपथ:** अध्यक्षले प्रधानन्यायाधीश समक्ष र सदस्यले अध्यक्ष समक्ष आफ्नो पदको कार्य सम्हाल्नुअघि प्रचलित कानूनबमोजिमको ढाँचामा शपथ लिनुपर्नेछ।

३७. **वार्षिक प्रतिवेदन:** (१) काउन्सिलले प्रत्येक वर्ष आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र आफ्नो वार्षिक प्रतिवेदन मन्त्रालयमार्फत नेपाल सरकार समक्ष पेस गर्नुपर्नेछ ।

(१)उपदफा (१) बमोजिमको प्रतिवेदन नेपाल सरकारले संघीय संसद्को सम्बन्धित समिति समक्ष पेस गर्नेछ।

(२)उपदफा (१) बमोजिमको प्रतिवेदनमा देहायबमोजिमका विषयसमेत समावेश गर्नुपर्नेछः-

(क) काउन्सिलले वर्षभरिमा गरेका मुख्य मुख्य गतिविधिहरूको सङक्षिप्त विवरण,

(ख) कोषको अवस्था र लेखापरीक्षण प्रतिवेदनमा उल्लेखित मुख्य विषय,

नेपाल सरकार सूचना तथा सञ्चार मन्त्रालय सिंहदरवार, काठमाडौं

(ग) काउन्सिलको निर्णय वा निर्देशन पालना नगर्ने सञ्चार संस्था, आमसञ्चार माध्यम र त्यसमा संलग्न पत्रकारको विवरण।

३८. **नेपाल सरकारसँग सम्पर्कः** काउन्सिलले नेपाल सरकारसँग सम्पर्क राख्दा मन्त्रालयमार्फत राख्नुपर्नेछ।

३९. **नियम बनाउने अधिकारः** (१) यस ऐनको कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वमान्यतामा प्रतिकूल प्रभाव नपर्ने गरी देहायका विषयमा नियम बनाउन सकिनेछः-

(क) प्रमुख प्रशासकीय अधिकृतको नियुक्ति, योग्यता, सेवाका शर्तसम्बन्धी विषय,

(ख) उजुरी दर्ता, जाँचबुझ तथा सोसम्बन्धी अन्य विषय,

(ग) मेलमिलाप गराउने सम्बन्धी विषय, र

(घ) काउन्सिलको कोष र कोष सञ्चालनसम्बन्धी विषय।

४०. **विनियम बनाउने अधिकारः** (१) यस ऐनको अधीनमा रही काउन्सिलले आर्थिक तथा कर्मचारीको नियुक्ति, सेवा, शर्त र सुविधासम्बन्धी विषयमा विनियम बनाउन सक्नेछ र त्यस्तो विनियम मन्त्रालयबाट स्वीकृत भएपछि लागू हुनेछ ।

(२) उपदफा (१) बमोजिम विनियम बनाउँदा आर्थिक दायित्व पर्ने भएमा नेपाल सरकारको अर्थ मन्त्रालयको पूर्व स्वीकृति लिनु पर्नेछ ।

४१. **खारेजी र बचाउः** (१) प्रेस काउन्सिल ऐन, २०४८ खारेज गरिएको छ।

(२) प्रेस काउन्सिल ऐन, २०४८ बमोजिम भए गरेका कामकारबाही यसै ऐनबमोजिम भए गरेका मानिनेछ।

(३) यो ऐन प्रारम्भ हुँदाका बखत प्रेस काउन्सिल ऐन, २०४८ बमोजिमको काउन्सिलमा बहाल रहेका पदाधिकारीहरू यो ऐन प्रारम्भ भएपछि स्वतः पद मुक्त हुनेछन्।

(४) प्रेस काउन्सिल ऐन, २०४८ बमोजिमको काउन्सिलमा कार्यरत स्थायी कर्मचारी यस ऐनबमोजिमको काउन्सिलको समान स्तर र तहको पदमा स्वतः कायम हुनेछन्।

(५) प्रेस काउन्सिल ऐन, २०४८ बमोजिमको काउन्सिलको सम्पत्ति, दायित्व तथा अभिलेख यस ऐनबमोजिमको काउन्सिलमा सर्नेछ।

(६) प्रेस काउन्सिल ऐन, २०४८ बमोजिमको काउन्सिलमा विचाराधीन उजुरी स्वतः काउन्सिलमा सर्नेछ र त्यस्ता उजुरी उपर यस ऐनबमोजिम कारबाही र किनारा गरिनेछ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सिंहदरबार, काठमाडौं